रुपान्तरण : श्रमशक्तीको विकासबाट
श्रमशक्तीको विकास, संविधानको कार्यान्वयनबाट !



# May Day
## 2016

# मे दिवस

२०७३ बैशाख १९ गते

## विगतको समिक्षा र हाम्रो प्रतिवद्धता

नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट)

आजभन्दा ठिक १ सय ३० बर्ष अघि आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जनको माग गर्दै अमेरिकाको शिकागो सहरका मजदुर सडकमा उत्रिए । संघर्षको मैदानमा चारजना मजदुर नेताहरुले शहादत प्राप्त गरे भने उक्त बलिदानीपूर्ण संघर्षका क्रममा थुप्रै घाइते भए । तर दमनले संघर्षशिल श्रमिकको आवाजलाई रोक्न सकेन । १८८६ मा भएको उक्त क्रुर दमनको क्रममा ज्यान गुमाउने मजदुर नेताहरुको सम्झनामा त्यसको तीन बर्ष पछि सन् १८८९ मे १ देखि मजदुर दिवस मनाउने घोषणा गरियो । केहि सिमित देशबाट सुरु गरिएको यो दिवस अहिले विश्वभरी मनाईन्छ र आज हामी १२७ औं मे दिवसको संघारमा उभिएका छौं । १ सय ३० बर्ष अघि शिकागोमा शहादत प्राप्त गर्ने श्रमिक नेताहरुले उठाएका तीन आठको माग विश्वका धेरै श्रमिकहरुले आज उपभोग गरिरहेको भएतापनि मर्यादित काम र समृद्धिको सपना भने अझै पनि निकै टाढा रहेको छ ।

नेपाल दशकौं अघिदेखि संक्रमणकालबाट गुज्रिरहेको हुँदा नेपाली श्रमिकहरु पीडित भैरहे । गत आश्विन ३ गते नेपालको नयाँ संविधान जारी भएपछि बर्षौं लामो राजनीतिक संक्रमण

अन्त्य तिर आए पनि अप्रत्यासित आइपरेको प्राकृतिक विपद् तथा छिमेकी मुलुकको सिमा अवरोधका कारण नेपाली श्रमिकले अझ बढी सास्ती खेप्नु पर्‍यो । २०७२ साल बैशाख १२ को विनाशकारी भूकम्पको ठूलो विपदमा परेकै बेला छिमेकी भारतले लगाएको अघोषित नाकावन्दीले नेपाली अर्थतन्त्रलाई जर्जर बनायो । स्वभाविक रुपमा त्यसबाट नेपाली श्रमिक सवैभन्दा बढी मारमा परे ।

यी समस्याका वावजुद जारी भएको नयाँ संविधान र त्यसमा समावेश श्रमिकका केहि महत्वपूर्ण मुद्धाहरु जस्तै समाजवाद, सामाजिक सुरक्षा, सहभागिताको हक जस्ता कुराहरुले बर्षौंदेखि नेपाली श्रमजीवि जनताले उठाउँदै आएका केहि माग पुरा भएका

१८८९ मे १ देखि
मजदुर दिवस मनाउने
घोषणा गरियो ।

छन् र यसले श्रमिक वर्गको लागि भविष्यको ढोका खोलिदिएको सन्तोषको विषय हो । यसलाई महत्वपूर्ण उपलव्धीका रुपमा लिन सकिन्छ । यद्यपी श्रमिकहरुको सर्वाधिक चासोका रुपमा रहेका विषयहरु जस्तै राज्यका निकायहरुमा श्रमिक प्रतिनिधित्व, छिटोछरीतो न्यायका लागि श्रम आयोग तथा अन्तिम उपायको रुपमा हड्तालको अधिकार जस्ता विषयहरु संविधानमा समावेश नहुँदा आगामी दिनमा पनि यी मुद्धाहरुलाई सम्वोधन गराउन अझै धेरै मेहनतको आवश्कयता रहेको देखिन्छ ।

विविध प्रतिकुलताका वावजुद १ सय २७ औं मे दिवस मनाइरहँदा केहि सकारात्मक विषयहरु पनि छन् जसले श्रमजीवि नेपालीका लागि खुसीको सन्देश दिनेछन् । विगत केहि बर्षअघि देखि श्रम बजार सुधारका लागि प्रारम्भ गरिएको ऐनकानून संशोधनको प्रकृया अन्तिम अवस्थामा पुगेको छ । संशोधनको प्रकृयामा रहेका आधा दर्जन कानून मध्ये श्रम ऐनको अन्तिम मस्यौदा हाल संसदमा विचाराधिन अवस्थामा रहेको छ। यसैगरी सम्पूर्ण श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रदान गर्ने सम्वन्धि सामाजिक सुरक्षा ऐनको पनि मस्यौदा तयार भई ससंदमा नै पुगिसकेको छ। केहि महिनाभित्रै यी ऐनहरु संसदबाट

पारित गराउन सकिएमा श्रम बजारमा व्यापक सुधार भई श्रमिकको मर्यादित काम तथा सामाजिक सुरक्षाको माध्यमबाट श्रमिकहरुलाई संरक्षण प्रदान गर्ने काम प्रारम्भ हुनेछ ।

मे दिवस २०१५ मा व्यापक श्रमिक परिचालन गरी मनाउने उद्धेश्य विनाशकारी भूकम्पका कारण सम्भव भएन । तसर्थ हामीले गत बैशाख १८ अर्थात मे १ का दिन संयुक्त ट्रेड यूनियन समन्वय केन्द्र (जेटीयूसीसी) को आयोजनामा काठमाडौंको माइतीघर मण्डलामा मैनबत्ती बालेर भूकम्पबाट ज्यान गुमाएकाहरु प्रति श्रद्धाञ्जली अर्पण गर्‍यौं ।

संशोधनको प्रकृयामा रहेका आधा दर्जन कानून मध्ये श्रम ऐनको अन्तिम मस्यौदा हाल संसदमा विचाराधिन अवस्थामा रहेको छ ।

भूकम्प पश्चात उद्धार, राहत तथा पुनर्स्थापनाको काममा हामी सक्रिय भयौं । राजधानी काठमाडौंसँगै विभिन्न जिल्लाहरुमा घाइतेको उद्धार, राहत वितरण, भत्केका संरचनाको सरसफाइ तथा पुनर्स्थापनाको कार्यमा हजारौं जिफन्ट आवद्ध श्रमिकहरु स्वयंसेवकका रुपमा खटिए । प्राकृतिक विपद्ले अत्याएको त्यो समयमा पनि खाद्यान्न सहयोग सहित हामी विभिन्न जिल्लाहरुमा पुग्यौं र पीडितको घाउमा मल्हम लगाउने प्रयत्न गऱ्यौं । यसैगरी काभ्रे जिल्लाको चतुरे गाउँमा हामीले भूकम्पका कारण बेघरवार भएकाहरुका लागि नमुना घरहरु बनाएर अस्थायी बासस्थानको व्यवस्था गऱ्यौं । हामीले भूकम्प पीडित आफ्ना सदस्यहरुलाई पनि राहतको रुपमा केहि आर्थिक सहयोग गऱ्यौं ।

गत बर्ष हामीले अधिकाँश समय विपद् र अप्ठ्यारो अवस्थासँग लडेर नै बिताएपनि त्यो अत्यन्त कठिन परिस्थीतिमा पनि विचलित नभई आफ्ना योजना कार्यान्वयनमा दृढताका साथ अगाडी बढ्यौं । मे दिवस २०१५ पछिको एकबर्षे अवधिमा हामीले अत्यन्त महत्वपूर्ण र उपलव्धीमूलक तथा दुरगामी महत्व राख्ने कामलाई सफलतापूर्वक सम्पन्न गऱ्यौं । त्यति मात्र नभई कतिपय महत्वाकाँक्षी योजनाहरुको कार्यान्वयनको काम प्रारम्भ

गरी यसलाई जोडतोडका साथ अगाडी बढाइरहेका छौं । यी कामहरु मध्ये कतिपय संगठनको आन्तरिक जीवनसँग सम्वन्धित छन् भनें कतिपय काम श्रमिकको बृहत हित तथा संगठनको बाह्य जीवनसँग सम्वन्धित छन् ।

नयाँ संविधान जारी भएपश्चात यसका बारेमा भ्रम फैलाउने प्रयत्नहरु गरिए । विशेषगरी तराई क्षेत्रमा त्यो भ्रम फैलाउने र त्यसकै जगमा आन्दोलन उठाउने प्रयत्न भयो । त्यसैले नयाँ संविधानलाई विविध कोणबाट चिरफार गर्नु आवश्यक ठानेर हामीले राजधानीमा आयोजित पाँचौ प्रतिनिधि परिषद बैठकको अवसरमा नयाँ संविधानको अन्तरवस्तुका बारेमा महिला, दलित, आदिवासी जनजाति, मधेसी लगायतको दृष्टिकोणबाट चिरफार

काभ्रे जिल्लाको चतुरे गाउँमा हामीले भूकम्पका कारण बेघरवार भएकाहरूका लागि नमुना घरहरू बनाएर अस्थायी बासस्थानको व्यवस्था गर्‍यौं ।

गर्ने काम गऱ्यौं । यसले नयाँ संविधानका बारेमा फैलाइएको भ्रम एक हदसम्म चिर्ने काम भयो ।

तर त्यतिले मात्र सम्पूर्ण जिफन्ट सदस्यलाई प्रशिक्षित गर्न सम्भव थिएन । त्यसैले नयाँ संविधान र जिफन्टको नीति कार्यक्रमका बारेमा अञ्चलस्तरिय प्रशिक्षण कार्यक्रम सञ्चालन गरियो । यसक्रममा विभिन्न जिल्लाहरुमा आयोजित सभाहरुमा नयाँ संविधानमा श्रमिकका पक्षमा गरिएका व्यवस्था तथा संविधानले ग्यारेण्टी गरेको समावेशिताका सन्दर्भमा आफ्ना सदस्यहरुलाई प्रशिक्षित गर्ने काम भयो ।

सदस्य संख्यामा उल्लेख्य बृद्धि हाम्रो लक्ष्य हो । त्यसका लागि युनियनहरुलाई प्रभावकारी रुपमा परिचालन गर्ने काम भएको छ । यसले नेपालमा ट्रेड यूनियन आन्दोलनको मोर्चामा जिफन्टको अग्र भूमिकाले निरन्तरता पाएको छ ।

ट्रेड यूनियन बलियो भएमा मात्र श्रमिकले अधिकार प्राप्त गर्छन् भन्ने मुल मन्त्रलाई ध्यानमा राख्दै त्यसका लागि पहिले

आफ्ना सदस्यहरुको क्षमता अभिवृद्धिमा यसबर्ष पनि हामी लागि पर्‍यौं । त्यसका लागि नियमित ट्रेड यूनियन स्कूललाई निरन्तरता दिइएको छ । हालसम्ममा २० वटा समुहमा ६०० जनाले एकसाता लामो प्रशिक्षण प्राप्त गरिसकेका छन् । यसले ट्रेड यूनियनमा प्रशिक्षित संगठकको फौज तयार पार्ने अभियान थप मजबुत भएको छ ।

छैठौं महाधिवेशन मार्फत हामीले महत्वका साथ अगाडी बढाएको अर्को काम विभिन्न असाध्य रोगहरु लाग्दा हाम्रा सदस्यहरुलाई केहि आर्थिक सहयोग गर्न सक्ने कोषको रुपमा ऐक्यवद्धता कोष निर्माण गरिएको हो । १ करोडको सो कोष

सदस्य संख्यामा उल्लेख्य बृद्धि हाम्रो लक्ष्य हो । त्यसका लागि युनियनहरूलाई प्रभावकारी रूपमा परिचालन गर्ने काम भएको छ ।

निर्माणको अभियानमा हामीले सफलता प्राप्त गरेका छौं । कोषमा रकम जम्मा गर्ने क्रम जारी नै छ । तसर्थ अव हामी हाम्रा सदस्यहरुलाई गम्भीर प्रकृतिको स्वास्थ्य समस्या आइपरेमा सहयोग गर्नसक्ने अवस्थामा आइपुगेका छौं ।

प्रकृतिक विपद् तथा भारतको नाकावन्दीका कारण नेपालको अर्थतन्त्र थिलथिलो भएको छ । यो परिस्थीतिमा हरेक दुई बर्षमा गरिने श्रमिकको ज्याला पुनरावलोकन जटिल विषय थियो । तर यो अप्ठ्यारो परिस्थीतिमा हामी न्यूनतम ज्याला रु. १७०० बृद्धि गराउन सफल भयौं । बढ्दो महंगीको तुलनामा यो पर्याप्त होइन तर असहजताका बीच प्राप्त यो उपलव्धी सन्तोषजनक मान्नुपर्दछ ।

बदलिंदो राजनीतिक, सामाजिक, आर्थिक परिवेशसँगै श्रमको क्षेत्र पनि फेरिंदैछ । हिजोका दिनमा बौद्धिक श्रम गर्नेहरु ट्रेड यूनियनको छाताभित्र अटाइन्छ र ? भन्ने भ्रम विस्तारै हट्दै गएको छ । शारिरीक र मानसिक दुवै श्रम गर्नेहरु श्रमिक हुन् भन्ने वास्तवीकता स्थापित हुँदै गएको छ र सोही अनुरुप जिफन्टका घटक यूनियनहरु विस्तार हुँदै गएका छन् । सोही

क्रममा जिफन्ट अन्तर्गत कान्छो यूनियनका रुपमा बैक, वित्तिय तथा सहकारी क्षेत्र कर्मचारी यूनियन गठन भएको छ । यसले लाखौं श्रमिक काम गर्ने बैंक, फाइनान्स, सहकारी लगायतको क्षेत्रमा अव हाम्रो पहुँच बढेको छ । ति क्षेत्रमा कार्यरत लाखौं श्रमिकलाई आइपर्ने समस्या समाधान गर्दै उनीहरुका बीचमा यूनियन मजवुत बनाएर लैजानु पर्ने दायित्व अव हाम्रो काँधमा आइपरेको छ ।

यो अप्ठ्यारो परिस्थीतिमा
हामी न्यूनतम ज्याला
रू. १७०० बृद्धि गराउन
सफल भयौं ।
बढ्दो महंगीको तुलनामा
यो पर्याप्त होइन ...

पछिल्लो एक दशकमा बैदेशिक रोजगारमा जानेहरुको संख्या ठूलो मात्रामा बढेको छ । हाल मलेसियासँगै खाडीका देशहरुमा कार्यरत नेपाली श्रमिकको संख्या लाखौं रहेको छ । उनीहरु मध्ये बहुसंख्यकहरुले कुनै न कुनै प्रकारको श्रम सम्वद्ध समस्या झेलिरहेका छन् । त्यसैले प्रवासी नेपाली श्रमिकहरुलाई संगठित गर्ने काम हामीले गर्दै आएका छौं । कतिपय देशहरुमा स्थानीय ट्रेड यूनियनहरुसँग समन्वय गर्दै तथा तिनिहरुकै सदस्य बनाउँदै नेपाली श्रमिकलाई अधिकार दिलाउने काम हामीले गरेका छौं । सोही क्रममा यसबर्ष हाम्रा प्रवासमा रहेका जिफन्ट सहयोग समुहको विस्तार र परिचालनको कामलाई प्रभावकारी बनाउने काम भएको छ ।

हामीले यसबीचमा जिफन्टले हरेक बर्ष प्रदान गर्दै आएको पुरस्कारलाई पनि निरन्तरता दियौं । जिफन्टको २६ औं स्थापना दिवसको अवसरमा माधव न्यौपाने तथा नुरु वाङ्छु शेर्पा स्मृति अवार्ड काठमाडौंमा आयोजित एक कार्यक्रमका बीच प्रदान गर्ने काम भयो । सोही अवसरमा जिफन्ट सदस्यका जेहेन्दार छोरा छोरीलाई गंगा देवी स्मृती छात्रबृती र ब्यवसायजन्य रोग र

दुर्घटनामा पर्नु भएका सदस्यलाई गंगा देवी स्वास्थ उपचार सहायता उपलब्ध गरायौं ।

केहि बर्ष अगाडीसम्म तयारी पोशाक नेपालको एउटा मुख्य निर्यातमूलक उद्योग थियो । तर अमेरिकाले दिंदै आएको कोटा गुमाएपछि तयारी पोशाक उद्योग ओरालो लाग्यो र यस क्षेत्रमा कार्यरत श्रमिकको रोजगारीको अवसर पनि गुमेको छ । तर मर्यादित काम सहित तयारी पोशाक उद्योगको प्रवर्द्धन सम्भव छ भन्ने हाम्रो ठम्याई हो । त्यसैले हामीले यसबीचमा तयारी पोशाक उद्योगको प्रवर्द्धनको सम्वन्धमा बहुसरोकारवालाहरु बीच छलफल गऱ्यौं । सुखद कुरा यहि बीचमा अमेरिकाले पुनः नेपाललाई तयार पोशाकमा कोटा उपलव्ध गराएको छ । यसले नेपालमा तयारी पोशाक उद्योगको प्रवर्द्धनमा सहयोगी भूमिका खेल्नसक्छ ।

हामीले यसबीचमा तयारी पोशाक उद्योगको प्रवर्द्धनको सम्वन्धमा बहुसरोकारवालाहरू बीच छलफल गऱ्यौं ।

संवैधानिक ग्यारेण्टी सहित श्रमिकले केहि अधिकार पाएको सुखद नतिजासँगै अझ पनि थुप्रै कामहरु गर्न बाँकी नै छन् । परिवर्तन श्रम शक्तिको विकासबाट भन्दै आएका हामी मे दिवस २०१६ को अवशरमा आगामी बर्ष हाम्रा गतिविधिहरु निम्न विषयमा केन्द्रीत गरी सञ्चालन गर्नेछौं ।

- नयाँ श्रम कानून तथा सामाजिक सुरक्षा ऐन संसदबाट छिट्टै अनुमोदन र कार्यान्वयन गराउन पहल ।
- संविधानमा समावेश श्रमिकका विषयहरु कार्यान्वयनका लागी अभियान ।
- नयाँ संविधानमा नपरेका हड्तालको अधिकार, श्रम आयोग तथा श्रमिक वर्गको १० प्रतिशत प्रतिनिधित्व सम्वन्धि विषयलाई संविधानमा समावेश गराउन पहल ।
- न्यूनतम ज्याला कार्यान्वयनमा पहल र उचित ज्याला सुविधाका लागी प्रभावकारी समुहीक सौदावाजीमा जोड ।

- देशैभरी एकै पटक आधीकारीक ट्रेड यूनियनको निर्वाचनको पहल ।

श्रमजीवि नेपालीको समुन्नत जीवनका लागि लामो समय देखी संघर्षरत हाम्रो महासंघ सम्पूर्ण राजनीतिक दलहरु, राज्यका निकायहरु तथा अन्तराष्ट्रिय संघसंगठनहरुलाई हाम्रो यो अभियानमा साथ समर्थन र सहकार्यका लागि आव्हान गर्दछ । मे दिवसको अवशरमा हामी स्वदेश तथा प्रवासमा कार्यरत सम्पूर्ण नेपाली श्रमिकलाई अझ जुझारु हुँदै आफ्ना अधिकार प्राप्तीको बाटोमा दृढसंकल्पित भएर अगाडी बढ्न आव्हान गर्दै सफलताको कामना गर्दछौं ।

संवैधानिक ग्यारेण्टी सहित श्रमिकले केहि अधिकार पाएको सुखद नतिजासँगै अझ पनि थुप्रै कामहरु गर्न बाँकी नै छन् ।

मे दिवस २०१६ को अवसरमा हार्दिक शुभकामना !

मे दिवस जिन्दावाद !

नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट) जिन्दावाद

मे १ २०१६